## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम

## २०८३ बैशाख, जेष्ठ र आषाढ

### महिनामा सम्पादित प्रमुख क्रियाकलापहरू (स्वतः प्रकाशन) को विवरण




# प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश, बुटवल

## १.पृष्ठभूमिः

नेपालको संविधानको भाग २३ धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था रहेको छ। यस संवैधानिक व्यवस्था अनुरूप प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ३ बमोजिम प्रदेश लोक सेवा आयोग गठन भई आयोगको कार्यालय लुम्बिनी प्रदेशको बुटवलमा स्थापना भई सञ्चालनमा आएको छ। प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवा तथा संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउनका लागि गठन भएको हो। यसै गरी प्रदेश र स्थानीयस्तरमा उल्लेखित सेवाका विभिन्न सेवा समूहका पदहरूमा उपयुक्त जनशक्तिलाई आकर्षित गर्ने, परीक्षा संचालन गरी सिफारिस गर्ने कार्यमा निष्पक्षता, तटस्थता र योग्यता कायम गरी जनशक्ति व्यवस्थापनमा प्रदेश सरकारलाई सहयोग गर्ने उद्देश्यले प्रदेश लोक सेवा आयोग क्रियाशिल रहेको छ ।

## २. दीर्घकालीन सोचः

प्रदेश सरकारको दीर्घकालीन सोच **"समृद्ध लुम्बिनी : आत्मनिर्भर प्रदेश"** अनुरुप लुम्बिनी प्रदेशमा गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च नैतिक चरित्र भएका जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गर्ने साथै प्रदेशमा सुशासन प्रवर्द्धनमा सहयोग गर्ने ।

## ३. उद्देश्यः

- प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरू सञ्चालन गर्ने ।
- परीक्षा पद्धतिमा सुधार गरी समसामयिक एवं वैज्ञानिक प्रणाली अवलम्बन गर्ने ।
- सेवा प्रवाहसँग सम्बन्धित समय सापेक्ष पाठ्यक्रम तर्जुमा गरी दक्ष उम्मेदवार छनोट गर्ने ।
- लोक सेवाका मूलभूत मान्यता : योग्यता प्रणाली, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने।
- प्रदेश, स्थानीय तह र अन्य तोकिएको क्षेत्रमा जनशक्ति व्यवस्थापनमा अध्ययन अनुसन्धान गर्ने।
- तोकिएका विषयमा सम्बन्धित निकायलाई परामर्श दिने ।

[signature] [signature] [signature]

## ४. रणनीतिहरू:

- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६१ र ६२ मा व्यवस्था भए बमोजिम निर्माण गरिएका आयोगको नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिकाको कार्यान्वयन तथा अद्यावधिक गर्दै जाने।
- आयोगको लागि आवश्यक हुने विभिन्न विषय क्षेत्रका विज्ञको रोस्टर सूची तयार तथा अद्यावधिक गर्दै जाने।
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न तहका पदको पाठयक्रम निर्माण र अद्यावधिक गर्दै जाने।
- आयोगको भौतिक पूर्वाधार, जनशक्ति र प्रविधिको विकास गर्दै आयोगको सक्षमता वृद्धि गर्ने।
- लोक सेवा आयोगका मूलभूत मान्यता, योग्यता, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने ।
- गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम, चरित्रवान र सामाजिक उत्तरदायित्व बहन गर्न सक्ने जनशक्ति छनोट गर्ने।
- प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय तहहरूलाई सुशासन प्रवर्द्धनका लागि सहयोग गर्ने।

## ५. कार्यक्षेत्र:

- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७ मा उल्लेख भए बमोजिम यस आयोगको कार्यक्षेत्र देहाय बमोजिम रहेका छन्
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्ने ।
- प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने ।
- प्रदेश निजामती सेवा, अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा परामर्श दिने ।
- संगठित संस्थाको सेवाका कर्मचारीहरूको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कार्यवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने ।
- प्रदेश निजामती सेवाको शर्त सम्बन्धी विषयमा प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कार्यवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा र प्रदेश सरकारी सेवाको पदमा ६ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने।

- कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदबाट प्रदेश निजामतीसेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने ।
- आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्नु पर्ने विषयमा र प्रदेश सरकारी सेवाको र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा परामर्श दिने ।

## ६. कानूनी तथा नीतिगत व्यवस्थाहरू

आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा हालसम्म प्रयोग गर्दै आएका कानून एवम् कार्यविधिहरू निम्न अनुसार छन्ः-

- नेपालको संविधान, २०७२
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- कर्मचारी समायोजन ऐन, २०७५
- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६
- प्रदेश निजामती सेवा ऐन,२०८० तथा प्रदेश निजामती सेवा नियमावली,२०८०
- स्थानीय निजामती सेवा ऐन,२०८१ तथा स्थानीय निजामती सेवा नियमावली,२०८१प्रदेश लोक सेवा आयोग नियमावली, २०७६
- प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७
- प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७६
- प्रदेश लोक सेवा आयोग परामर्श सम्बन्धी (कार्यविधि) निर्देशिका, २०८०
- प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश लोक सेवा आयोगको आचार संहिता, २०७६
- परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरू
- निजामती सेवाका विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्त र निर्णयहरू
- प्रदेश लोक सेवा आयोगका समय-समयका निर्णयहरू
- लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरू

प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश

७. आयोगको मौजुदा अवस्था

आयोगको गठन

- अध्यक्ष हरि प्रसाद बस्याल
- सदस्य श्री डिम्पल गुरुङ्ग
- सदस्य तारा प्रसाद भुसाल
- सचिव श्री खिम बहादुर रायमाझी

८. संगठन संरचना तथा जनशक्ति विवरण


तालिकाः दरबन्दी र पदपूर्तिको अवस्था

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी/तह | स्वीकृत दरवन्दी | पदपूर्ति संख्या | रिक्त दरवन्दी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | प्रशासन | सा.प्र. | एघारौं | १ | १ | ० |
| २ | उपसचिव/ व.उपसचिव | प्रशासन | सा.प्र. | नवौं/दशौं | २ | १ | १ |
| ३ | शाखा अधिकृत/व.शाखा अधिकृत | प्रशासन | सा.प्र. | सातौं/आठौं | ४ | २ | २ |
| ४ | कम्प्युटर ईन्जिनियर | विविध | विविध | सातौं/आठौं | १ | ० | १ |
| ५ | कानून अधिकृत | न्याय | कानुन | सातौं/आठौं | १ | १ | ० |
| ६ | शिक्षा अधिकृत/व.शिक्षा अधिकृत | शिक्षा | शि.प्र. | सातौं/आठौं | १ | ० | १ |
| ७ | वरिष्ठ प्रशासन सहायक/अधिकृत | प्रशासन | सा.प्र. | पाचौं/छैटौं | ९ | ७ | २ |
| ८ | कम्प्यूटर अपरेटर/अधिकृत (कम्प्यूटर) | विविध | विविध | पाचौं/छैटौं | ४ | ३ | १ |
| ९ | लेखापाल/अधिकृत(लेखा) | प्रशासन | लेखा | पाचौं/छैटौं | १ | १ | ० |
| १० | ह.स.चा. | | | श्रेणी विहीन | ५ | ५ | ० |
| ११ | का.स. | | | श्रेणी विहीन | ४ | ४ | ० |
| जम्मा | | | | | ३३ | २५ | ८ |

प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश
बुटवल, नेपाल

# प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश, बुटवल




*प्रदेश सरकार (मन्त्रिपरिषद) को मिति २०७७/०५/११ को निर्णय बमोजिमको अस्थायी दरबन्दी

प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश
बुटवल, नेपाल

प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश
बुटवल, नेपाल

## ९. आयोगको कार्यसम्पादनका आधारभूत सिद्धान्तहरू

आयोगले कार्यसम्पादन गर्दा स्वतन्त्र, निष्पक्ष तथा स्वच्छताको आधारमा योग्यता प्रणालीलाई प्रमुख प्राथमिकता दिई देहाय बमोजिमका मुख्य सिद्धान्तहरू अवलम्बन गर्नु पर्दछ । यसरी योग्यता, स्वच्छता र निष्पक्षताको जगमा उत्कृष्टताको मापन गरी प्रदेश सरकार र स्थानीय तहहरूलाई चाहिने जनशक्तिको छनौट तथा सिफारिस गर्ने कार्यमा प्रदेश लोक सेवा आयोग प्रतिबद्ध भइ कार्यसम्पादन गर्नु आयोगको दायित्व हुन्छ । लोक सेवा आयोगका स्थापित सिद्धान्तहरूलाई प्रदेश लोक सेवा आयोगले अनुसरण गरी काम गर्नु गराउनु पर्छः-




## १०. आयोगबाट प्रदान गरिने सेवाहरूः

- वार्षिक कार्यतालिका प्रकाशन
- माग पद संकलन
- प्रतिशत निर्धारण
- शैक्षिक योग्यता एवं पाठ्यक्रम निर्माण, परिमार्जन र संशोधन
- विज्ञापन प्रकाशन
- दरखास्त संकलन
- प्रश्नपत्र निर्माण र परिमार्जन
- प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालन
- उत्तरपुस्तिका परीक्षण
- लिखित नतिजा तयारी एवं प्रकाशन

- प्रयोगात्मक परीक्षा तथा सीप परीक्षण(प्रयोगात्मक परीक्षा तथा सीप परीक्षण हुने पदहरूका लागि)
- अन्तर्वार्ता
- सिफारिस
- बढुवा सम्बन्धी उजुरीमा आवश्यक छानविन गरी आवश्यक निर्णय गर्ने
- रिक्त पदहरूको नियुक्ति, पदस्थापना लगायतका विषयमा निरीक्षण गर्ने।

११. दस्तुर तथा शुल्कः

आयोगबाट विभिन्न कामको सिलसिलामा लिईने दस्तुर, शुल्क देहायबमोजिम व्यवस्था गरिएको छ।

<u>दरखास्तको दस्तुर तथा शुल्क विवरण(बढुवाको लागि समेत)</u>

| तह | दस्तुर (रु.) |
|---|---|
| एघारौं र बाह्रौं तह | १५०० |
| नवौं र दशौं तह | १२०० |
| छैटौं, सातौं र आठौं तह | १००० |
| पाँचौं तह | ५०० |
| चौंथो तह | ४०० |
| तेश्रो तह | ३०० |
| सवारी चालक | २०० |
| कार्यालय सहयोगी | १०० |

समान तहको विभिन्न पदको संयुक्त परीक्षा हुनेगरी विज्ञापन भएकोमा प्रति थप समूह/पत्रको लागि निम्न बमोजिम परीक्षा दस्तुरको व्यवस्था रहेको छः

| तह | दस्तुर (रु.) |
|---|---|
| एघारौं र बाह्रौं तह | ६०० |
| नवौं र दशौं तह | ५०० |
| छैटौं, सातौं र आठौं तह | ४०० |
| पाँचौं तह | २०० |
| चौंथो तह | १५० |
| सवारी चालक र कार्यालय सहयोगी | १०० |

## १२. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

(क) प्रक्रिया

- सूचना मागकर्ताले आफुले माग गरेको सूचना सहितको विवरण उल्लेख गरी आयोगको सूचना अधिकारीलाई सम्बोधन गरी निवेदन दिनुपर्ने,
- निवेदकले माग गरे बमोजिमको सूचना तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको भएमा सूचना अधिकारीले कारण सहित सूचना उपलब्ध गराउने समय तोकी सोको जानकारी निवेदकलाई गराइनेछ,
- सूचना अधिकारी समक्ष माग गरिएको सूचना आफुभन्दा माथिल्लो तहबाट निर्णय गराउनुपर्ने भएमा सोको जानकारी सूचना मागकर्तालाई तत्काल गराई १५ दिनभित्र सूचना माग निवेदन उपर भएको निर्णय उपलब्ध गराइनेछ,
- सूचना मागकर्ताले माग गरेको विवरण स्थलगत भ्रमणबाट दिन सकिने अवस्था भएमा सूचना अधिकारीलाई स्थलगत भ्रमण गरी प्रतिवेदन पेश गर्न लगाउन सकिनेछ। यसरी भ्रमण गरिसकेपछि भ्रमणमा खटिने पदाधिकारीले माग सूचनाको सम्बन्धमा प्रतिवेदन पेश गर्नुपर्नेछ। प्राप्त प्रतिवेदनका आधारमा निर्णय गराउन आवश्यक भए निर्णय गराई र निर्णय गराउन आवश्यक नभए सोझै सूचना अधिकारीले आवश्यकता अनुसारको सूचना मागकर्तालाई उपलब्ध गराइनेछ,
- प्रदेश लोक सेवा आयोगको ऐन, नियम तथा निर्देशिकाले सूचना प्रवाह गर्न नमिल्ने, गोप्य रहने भनी तोकिएको विषयमा सूचना प्रवाह गरिने छैन,
- अन्य विषयको निर्णय विषयको कार्यप्रकृति अनुसार टिप्पणी, समूह प्रतिवेदन, छलफल आदिका आधारमा हुने गर्दछ।

(ख) निर्णय गर्ने अधिकारी

- सूचनासँग सम्बन्धित विषयको प्रकृति अनुसार आयोगका सचिव वा आयोग

(ग) सूचना अधिकारीले उपलब्ध गराएको सूचना उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री खिम बहादुर रायमाझी मोबाइल नं. ९८५७०८१०६२

(घ) प्रवक्ता र सूचना अधिकारी

प्रवक्ताको नामः राम प्रसाद भट्टराई मोबाइल नं.:- ९८५७०८८६९५

सूचना अधिकारीको नामः राजेन्द्र प्रसाद पौडेल मोबाइल नं.:- ९८५७०८८६९६

प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश
बुटवल, नेपाल

१३. सम्पादन गरेको कामको विवरण (२०८३ बैशाख १ गते देखि आषाढ मसान्त सम्म)

कानून, बढुवा तथा का.स.मू. अभिलेख शाखाः

- सर्वोच्च अदालतमा दायर भएको मुद्दा नवौं तह (प्रशासन) को अल्पकालिन आदेश दिई यथास्थितिमा रहेको ।
- बढुवा सम्बन्धि विवरणः आयोगबाट प्रकाशित बढुवा सूचना अनुसार नवौं तहको बढुवाको फारामहरु संकलन गरिएको जसको पूर्ण विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | विज्ञापन भएको तह | जेष्ठता | कार्यक्षमता | कुल उमेदवार संख्या |
|---|---|---|---|---|
| १ | नवौं तह | ४७ | ५४ | १०१ |

## शाखाः प्रश्नपत्र परिमार्जन, अन्तर्वार्ता तथा सिफारिस शाखा

प्रगति विवरणः २०८३/०१/०१ देखि २०८३/०३/३१ सम्म

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | उम्मेदवार सिफारिस | ४ | अधिकृतस्तर नवौं तह ४ जना |
| २ | वैकल्पिक उम्मेदवार सिफारिस | ५ | अधिकृतस्तर नवौं तह-१ र सहायकस्तर चौंथो तह-४ जना |
| ३ | वैकल्पिक/अस्थायी नामावली पठाएको | ४ | ४ स्थानीय तहबाट माग भई आए बमोजिम पत्र पठाइएको |

प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश
बटवल, नेपाल

## आर्थिक प्रशासन शाखाः

| प्रदेश लोक सेवा आयोगको आ.व. २०८२/८३ को कुल बजेट विनियोजन खर्च विवरण (रु.मा) | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | ब.उ.शि.नं. | विनियोजन रकम रु. | २०८३ बैशाख देखि आषाढ मसान्त सम्मको खर्च | आषाढ मसान्त सम्मको खर्च रु. | खर्च प्रतिशत |
| १ | ३१०००११३ चालु खर्च | ९००५०००० | २०५६४३८९.१० | ५२०३८५७६.३० | ५७.७८ |
| २ | ३१००००१३ पदाधिकारीको खर्च | ३९९१५०० | ६७९१६० | ३०१५२१७ | ७५.५४ |
| ३ | ३१०००११४ पूँजीगत खर्च | २२८३०००० | १०१३५७८१ | १०९०८९६८ | ४७.७८ |
| | जम्मा | ११६८७१५०० | ३१३७९३३०.१ | ६५९६२७६१.३० | ५६.४४ |

### दरखास्त व्यवस्थापन शाखा

**दरखास्त सङ्कलन तथा रुजुः**

- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पदपूर्तिका लागि विशेष माग भई आएका प्रदेश प्रशासन सेवा, समूह र उपसमूह, अधिकृतस्तर नवौं तहका उपसचिव/उपनिर्देशक पदको Online दरखास्त सङ्कलन गरी रुजु एवम् प्रवेश पत्र जारी कार्य सम्पन्न गरिएको ।
- आ.व. २०८२/०८३ का सहायकस्तर चौथो तहका विभिन्न पदहरूको दरखास्त रुजु कार्य सम्पन्न गरिएको ।

**स्वीकृत नामावली प्रकाशनः**

- आ.व. २०७७/०७८ मा विज्ञापन प्रकाशन भई रोकिएका विज्ञापनहरूलाई पुनः सञ्चालन गर्ने निर्णय अनुसार स्वीकृत नामावली प्रकाशन गरिएको ।
- आ.व. २०८१/०८२ मा विज्ञापन प्रकाशन भइ दरखास्त सङ्कलनकै क्रममा रोकिएका अधिकृतस्तर आठौं र सातौं तहका विभिन्न पदहरूको पुनः सञ्चालन गर्ने निर्णय अनुसार स्वीकृत नामावली प्रकाशन गरिएको।
- आ.व. २०८२/०८३ का अधिकृतस्तर आठौं/सातौं, सहायकस्तर पाँचौं तहका विभिन्न पदहरूको स्वीकृत दरखास्तहरूको स्वीकृत नामावली प्रकाशन गरिएको ।
- सहायकस्तर चौथो तहका विभिन्न पदहरूमा पदपूर्तिका लागि विज्ञापन प्रकाशन भएकोमा अन्तर तह, खुला तथा समावेशी तर्फका पदहरूमा अनलाइन दरखास्त पेश गर्न समयमा System Configuration गरिएको ।
- दैनिक रुपमा आउने सेवाग्राहीहरूको अनलाइन दरखास्त प्रणाली सम्बन्धी समस्याहरूको समाधानका लागि Whatsapp, Mobile Call हरूको सक्दो Response गरी समस्या समाधान गरिएको ।

**कच्चा प्रश्नपत्र निर्माण तथा सङ्कलन शाखा**

- आ.व. २०८१/०८२ का अधिकृतस्तर सातौं/ तहका विभिन्न पदहरू र आ.व. २०८२/०८३ का सातौं प्रारम्भिक, अधिकृतस्तर नवौं तह विशेष माग भएका पदहरूको लिखित परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने कच्चा प्रश्नपत्र निर्माण तथा सङ्कलन सम्बन्धी कार्य सम्पन्न गरिएको ।
- आ.व. २०८२/०८३ का बाँकी पदहरूको कच्चा प्रश्न पत्र निर्माणका लागि आवश्यक पूर्व तयारीको काम भइरहेको ।

**नतिजा प्रकाशन शाखा**

- आ.व. २०८२/०८३ मा विज्ञापन प्रकाशन भएको अधिकृतस्तर एघारौं तह, प्रमुख कन्सल्टेण्ट मेडिकल जनरलिष्ट पद र अधिकृतस्तर नवौं तहका स्वास्थ्य सेवाका विभिन्न कन्सल्टेण्ट पद लगायत जम्मा १४ वटा पदहरूको लिखित नतिजा प्रकाशन गरिएको ।

**लिखित परीक्षा सञ्चालन शाखा**

- बैशाख महिनामा स्वास्थ्य सेवा तर्फ आठौं तहको २ वटा र सातौं तहको ३ वटा परीक्षा सञ्चालन भएको
- जेष्ठ महिनामा इन्जिनियरिङ्ग सेवा तर्फ सातौं तहको ११ वटा परीक्षा संचालन भएको
- असार महिनामा अधिकृत सातौं तह प्रशासन सेवाको १ वटा परीक्षा सञ्चालन भएको ।

**आ.व.०८२/८३ मा भएका विज्ञापनहरुको विवरण**

| क्र.स. | विज्ञापन भएको तह | जेष्ठता | कार्यक्षमता | अन्तर तह | खुला तथा समावेशी | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | एघारौं तह | ४ | २२ | १ | | २७ |
| २ | नवौं तह | ३७ | ६२ | १२ | २३ | १३४ |
| ३ | आठौं तह | | | | २३ | २३ |
| ४ | सातौं तह | २९ | ३७ | २६ | १५९ | २५१ |
| ५ | पाँचौं तह | ४४ | १९ | २८ | २०८ | २९९ |
| ६ | चौथो तह | | ४७ | | ३८२ | ४२९ |
| ७ | तेस्रो तह | | | | | ० |
| | जम्मा | ११४ | १८७ | ६७ | ७९५ | ११६३ |

प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश
बुटवल, नेपाल

## आ.व.०७७/७८ मा भएका विज्ञापनहरुको विवरण

| क्र.स. | विज्ञापन भएको तह | पदपूर्ति किसिम | प्रदेश | स्थानीय | कूल जम्मा | प्रशासन सेवा | | स्वास्थ्य सेवा | | इन्जिनियरिङ्ग सेवा | | कृषि सेवा | | वन सेवा | | शिक्षा सेवा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रदेश | स्थानीय तह | प्रदेश | स्थानीय तह | प्रदेश | स्थानीय तह | प्रदेश | स्थानीय तह | प्रदेश | स्थानीय तह | प्रदेश | स्थानीय तह |
| 1 | एघारौं तह | जेष्ठता | 4 | | 4 | | | 3 | | | | 1 | | | | | |
| | | कार्यक्षमता | 22 | | 22 | | | 18 | | 1 | | 1 | | 1 | | 1 | |
| | | अन्तर तह | 1 | | 1 | | | 1 | | | | | | | | | |
| 2 | नवौं तह | जेष्ठता | 28 | 9 | 37 | | 11 | 16 | | 3 | 3 | | | 1 | | 1 | 2 |
| | | कार्यक्षमता | 52 | 10 | 62 | | 11 | 34 | | 5 | 4 | 4 | | 1 | | 1 | 2 |
| | | अन्तर तह | 9 | 3 | 12 | 2 | 1 | 5 | | 2 | 1 | | | | | | 1 |
| | | खुला तथा समावेशी | 17 | 6 | 23 | 4 | 3 | 11 | | 1 | 2 | | | 1 | | | 1 |
| 3 | आठौं तह | खुला तथा समावेशी | 16 | 7 | 23 | | | 16 | 7 | | | | | | | | |
| 4 | सातौं तह | जेष्ठता | 17 | 12 | 29 | 4 | 4 | 3 | 1 | 4 | 2 | 4 | 4 | 1 | | 1 | 1 |
| | | कार्यक्षमता | 19 | 18 | 37 | 3 | 5 | 3 | 1 | 5 | 3 | 4 | 7 | 3 | | 1 | 2 |
| | | अन्तर तह | 6 | 20 | 26 | 1 | 7 | | 1 | 2 | 3 | 2 | 7 | | | 1 | 2 |
| | | खुला तथा समावेशी | 45 | 114 | 159 | 8 | 38 | 5 | 6 | 11 | 18 | 11 | 42 | 3 | | 7 | 10 |
| 5 | पाँचौं | जेष्ठता | 22 | 22 | 44 | 8 | 7 | 6 | 4 | 3 | 4 | 3 | 6 | 2 | | | 1 |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कार्यक्षमता | 9 | 10 | 19 | 5 | 3 | 3 | 1 | | 2 | | 4 | 1 | | | |
| | | अन्तर तह | 11 | 17 | 28 | 5 | 4 | 4 | 5 | | 2 | 1 | 6 | 1 | | | |
| | | खुला तथा समावेशी | 103 | 103 | 206 | 34 | 31 | 31 | 19 | 17 | 15 | 13 | 34 | 8 | | | 4 |
| 6 | चौथो तह | कार्यक्षमता | 3 | 44 | 47 | 3 | 33 | 0 | 0 | 0 | 3 | 0 | 8 | 0 | 0 | 0 | 0 |
| | | खुला तथा समावेशी | 32 | 350 | 382 | 17 | 128 | 10 | 172 | 3 | 12 | 2 | 38 | 0 | 0 | 0 | 0 |
| | | कुल जम्मा | 416 | 745 | 1161 | 94 | 286 | 169 | 217 | 57 | 74 | 46 | 156 | 23 | 0 | 13 | 26 |

नोटः नवौ तहको गत आ.व.मा प्रदेश स्वास्थ्य तर्फ सुरक्षित गरिएको पद २ (दुई) र पाँचौ तहको प्रदेश प्रशासन तर्फ सुरक्षित गरिएको २ (दुई) गरी जम्मा ४ पद समेत गरी ७१४ पदको विज्ञापन भएको।

चौथो तहको गत आ.व.मा प्रदेश इन्जिनियरिङ्ग तर्फ सुरक्षित गरिएको पद २ (दुई) समेत गरी ३८२ पदको विज्ञापन भएको।

प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश
बुटवल, नेपाल

आ.व.०८२/०८३ मा भएका विज्ञापनहरुको सूची

| क्र.स. | विज्ञापन भएको तह | जेष्ठता | | कार्यक्षमता | | प्रशासन सेवा | | स्वास्थ्य सेवा | | इन्जिनियरिङ्ग सेवा | | कृषि सेवा | | वन सेवा | | शिक्षा सेवा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | देखि | सम्म | देखि | सम्म | देखि | सम्म | देखि | सम्म | देखि | सम्म | देखि | सम्म |
| 1 | एघारौं तह | 1 | 4 | 5 | 24 | | | 51001 | | | | | | | | | |
| 2 | नवौं तह | 25 | 47 | 48 | 85 | 50001 | 50003 | 51002 | 51017 | 52001 | 52005 | | | 54001 | 0 | 55001 | 55002 |
| 3 | आठौं तह | | | | | | | 51018 | 51028 | | | | | | | | |
| 4 | सातौं तह | 86 | 108 | 109 | 134 | 50004 | 50017 | 51029 | 51036 | 52006 | 52018 | 53001 | 53022 | 54002 | 54003 | 55003 | 55009 |
| 5 | पाँचौं | 135 | 161 | 162 | 171 | 50018 | 50032 | 51037 | 51070 | 52019 | 52035 | 53023 | 53034 | 54004 | 54008 | 55010 | 55013 |
| 6 | चौथो | | | 172 | 182 | 50033 | 50049 | 51071 | 51109 | 52036 | 52043 | 53035 | 53047 | | | | |
| 7 | तेस्रो | | | | | | | | | | | | | | | | |

प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश
बुटवल, नेपाल

प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश
बुटवल, नेपाल

सूचना माग भएको विवरणः

जैमनी नगरपालिका-२, सुन्तलाचौर, बाग्लुङ स्थायी घर हुनुभएका श्री प्रतिक थापाले मितिः नेपाल संवत् ११४४ तछला २९ गतेको पत्र मार्फत सूचना तथा विवरणको प्रमाणित प्रतिलिपि पाउँ भन्ने बेहोराको निवेदन पेश गर्नुभएकोमा निवेदकले माग गर्नुभएको सूचना मिति २०८३/०३/१५ गतेको पत्र मार्फत प्रदान गरिएको ।

## १५. सार्वजनिक निकायको वेबसाइट

प्रदेश लोक सेवा आयोगको वेबसाइट www.ppsc.lumbini.gov.np

## १६. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

आयोगको ऐन, नियमावली र निर्देशिकामा गोप्य रहने भनी उल्लेख गरेका सूचना बाहेक सबै सूचनाहरू प्रकाशन हुने गरेको।

## १७. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

- आयोगको वेवसाइट www.ppsc.lumbini.gov.np,
- प्रदेश लोक सेवा आयोगको वार्षिक प्रतिवेदन (वार्षिक रुपमा),
- आयोगबाट हुने पदपूर्तिको विज्ञापन गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशन गर्ने गरिएको,
- प्रदेश लोक सेवा आयोगको फेसबुक पेजः www.facebook.com/ppsc.lumbini प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश बुटवल।

***